# दंगीशरण गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

मितिः २०८२/०१/१२

**जग्गा वहाल/वहाल विटौरी स्वघोषणा फारम भर्ने अत्यन्त जरुरी सूचना।**

नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ वमोजिम कुनै व्यक्ति वा संस्थाले गाउँपालिका भित्र वनेको संरचनाको उपयोग गरे वापत वहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ। सोहि वमोजिम यस दंगीशरण गाउँकार्यपालिकाको आर्थिक ऐन २०८१ को अनुसूचि ११ मा वहाल विटौरी शुल्क निर्धारण गरेको छ।

गाउँपालिकाको क्षेत्र भित्र जो कसैले सार्वजनिक भवन र अन्य संरचनाको उपयोग गरेको व्यक्ति, फर्म, संघ संस्था र अन्य, भएमा यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँकार्यपालिकाको कार्यालयवाट स्वघोषणा फारम भरि, हालसम्म उपयोग गरेको समय सम्मको राजश्व गाउँपालिकामा दाखिला गर्नुहुन अनुरोध छ। त्यसपश्चात मात्र आगामि समयकालागि सो सार्वजनिक संरचना/जग्गा उपयोगका लागि अनुमति प्रदान गरिनेछ।

निर्धारित समयभित्र स्वघोषणा फारम नभर्ने र कर नवुझाउने उपयोग गरेको व्यक्ति वा माथि उल्लेखित निकायले सो संरचना/जग्गाको उपयोग गर्नवाट वञ्चित हुनेछ।

स्वघोषणा फारम साथ पेश गर्नु पर्ने कागजातहरु:

१.वहालमा वस्नेको नेपाली नागरिकताको प्रतिलिपि वा अन्य सरकारी प्रमाण पत्र, संस्था वा निकाय भए दर्ता वा आधिकारीक प्रमाण पत्रको प्रतिलिपि।
२.संरचनाले ओगटेको क्षेत्रफल जनाउने प्राविधिक प्रतिवेदन।
३.यो भन्दा अगाढि पालिकामा/अन्य निकायमा राजश्व दाखिला गरेको भए सोको प्रमाण।
४.अन्य कुरा स्वघोषणा फारममा उल्लेख भए वमोजिम।

*उपर्युक्त कागजात सक्कल वमोजिम ठिक छ भनि निवेदकले प्रमानीत गरि पेश गर्नु पर्नेछ।*

१।१२

प्रमुख प्रशासकीय अधिकृत
कर्ण वहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

"हाम्रो प्रण, समुन्नत दंगीशरण"

ईमेल: ito.dangisharanmun@gmail.com / वेबसाईट : www.dangisharanmun.gov.np

Scanned with CamScanner